***Janabhawana Research Journal***
***Vol. 5, Issue No.1, July 2026, Page: 144-161***
***ISSN: 2505-0621***

# विद्यार्थीहरूको व्याकरणिक संसक्तिप्रतिको धारणा

***सुजन सोडारी*** [१*]

**लेखसार**

*प्रस्तुत अध्ययन स्नातक तहमा अध्ययनरत विद्यार्थीमा व्याकरणिक संसक्तिप्रतिको धारणा क्षमताको विश्लेषणमा केन्द्रित छ । भाषाको बृहत्तम एकाइ सङ्कथनभित्र वाक्यहरूलाई तार्किक र अर्थपूर्ण शृङ्खलामा उनेर सुगठित पाठ निर्माण गर्न संसक्तिको भूमिका अनिवार्य रहन्छ । विद्यार्थीमा व्याकरणिक संसक्तिप्रतिको बुझाइको अवस्थाको विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस अनुसन्धानमा काठमाडौं उपत्यकाका चारवटा क्याम्पस (दुई आङ्गिक र दुई सामुदायिक) बाट शिक्षाशास्त्र सङ्कायका स्नातक तह दोस्रो वर्षमा अध्ययनरत ६३४ जना विद्यार्थीबाट २०० जना विद्यार्थीलाई सरल यादृच्छिक नमुना छनोट विधिमार्फत सहभागी गराइएको छ । परिमाणात्मक अनुसन्धान ढाँचामा आधारित यस अध्ययनका लागि लिकर्ट स्केलमा आधारित संरचित प्रश्नावलीमार्फत प्राथमिक तथ्य सङ्कलन गरी साङ्ख्यिकीय विधिबाट विश्लेषण गरिएको छ । स्नातक तहका ८० प्रतिशत विद्यार्थीमा संसक्तिप्रतिको सकारात्मक धारणा र उच्च स्तरको सैद्धान्तिक बोध रहेको पाइएको छ । व्याकरणिक संसक्तिअन्तर्गत सार्वनामिक र संयोजक संसक्तिको प्रयोगमा विद्यार्थी अत्यन्त निपुर्ण देखिएका छन् भने कालिक र स्थानिक संसक्ति मध्यम स्तरको रहेको छ । यसको मुख्य कारण विद्यालय तहदेखिको निरन्तर अभ्यास हो । यद्यपि प्रतिस्थापन र लोप संसक्तिका सूक्ष्म एवम् प्राविधिक पक्षहरूमा भने विद्यार्थीको कार्यसम्पादन तुलनात्मक रूपमा कमजोर देखिएको छ । नेपाली भाषा शिक्षण अझै पनि परम्परागत वाक्य व्याकरणको घेराभन्दा माथि उठ्न नसकेकाले विद्यार्थी सिर्जनात्मक र साङ्कथनिक प्रयोगमा पछि परेको देखिन्छ । अतः विद्यार्थीको प्राज्ञिक लेखनलाई सुसम्बद्ध, तार्किक र प्रभावकारी बनाउन आधुनिक भाषाविज्ञानका साङ्कथनिक उपलब्धिहरूलाई पाठ्यक्रम र शिक्षण प्रक्रियामा प्राथमिकताका साथ समावेश गर्नु आवश्यक रहेको छ ।*

*शब्दकुञ्जी* : प्रतिस्थापन, प्राज्ञिक लेखन, विद्यार्थीको धारणा, व्याकरणिक संसक्ति, सङ्कथन विश्लेषण

**Article information**

*Received:17-05-2026 Reviewed:19-06-2026 Revised:27-06-2026 Accepted:04-07-2026*

**Corresponding Authors' Email: sujan.sodari@sac.tu.edu.np*
*Orcid: https://orcid.org/0009-0005-6154-3011*

*Cite this article as:*

Sodari, S. (2026). Bidhyarthiharuko byakaranik sangsaktipratiko dharana. *Janabhawana Research Journal, 5*(1), 144-161. DOI: https://doi.org/10.3126/jrj.v5i1.97912

*This work is licensed under the Creative Commons CCBY-NC License*
*[https://creativecommons.org/licenses/by-nc/4.0/](https://creativecommons.org/licenses/by-nc/4.0/)*

[१] *नेपाली शिक्षा विभाग,सानोठिमी क्याम्पस, भक्तपुर*

## अध्ययनको पृष्ठभूमि

भाषाको बृहत्तम तथा उच्चतम भाषिक एकाइ नै सङ्कथन हो । "सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ भनिन्छ" (अधिकारी, २०७४, पृ. २६७) । भाषामा प्रयुक्त वाक्यहरूबिचको आन्तरिक सम्बन्ध र त्यसबाट प्राप्त हुने सम्प्रेषणात्मक क्षमतायुक्त भाषिक संरचनालाई सङ्कथन भनिन्छ । "एउटा सारपूर्ण कथनदेखि लिएर बृहत्तर कथनसम्म विस्तारित भएको भाषिक संरचना नै सङ्कथन हो" (भट्टराई, प्रधान र ढुङ्गेल, २०७२, पृ. १०४) । भाषिक अभिव्यक्तिका क्रममा यसको व्यापक प्रयोग हुने गर्छ । अतः सङ्कथन वाक्यभन्दा बृहत् र पाठात्मक प्रकृतिको हुन्छ ।

प्रायोगिक भाषाविज्ञानको एक प्रमुख विधाका रूपमा रहेको सङ्कथनले वाक्यभन्दा माथिल्लो तहमा पुगेर भाषाको संरचना र अर्थको सूक्ष्म विश्लेषण गर्छ । विद्यार्थीले व्याकरणका नियमहरू जान्नु मात्र पर्याप्त हुँदैन, ती नियमहरूलाई वास्तविक लेखनमा कसरी प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ भन्ने कुराको ख्याल गर्नु पर्छ । सङ्कथनलाई मुख्य गरी कथ्य, लेख्य र साङ्केतिक गरी तीन प्रकारमा वर्गीकरण गरिन्छ । कथ्य सङ्कथन बोलीचालीको भाषामा आधारित हुन्छ भने लेख्य सङ्कथन विशेष गरी लिखित भाषिक सामग्रीमा निर्भर रहन्छ । भुसाल (२०७८) का अनुसार, "भाषिक-अभाषिक साङ्केतिक अभिव्यक्तिसँग सम्बन्धित सङ्कथनलाई साङ्केतिक सङ्कथन भनिन्छ" (पृ. २५) । यो विशेष गरी श्रवण र वाक् क्षमता नभएका व्यक्तिहरूका लागि उपयोगी हुन्छ ।

सङ्कथनभित्रका वाक्यहरूलाई तार्किक र अर्थपूर्ण शृङ्खलामा उनेर सुगठित पाठ निर्माण गर्ने कार्य संसक्तिले गर्छ । प्रभावकारी भाषा सम्प्रेषणका लागि संसक्ति अनिवार्य सर्त हो । मानवीय व्यावहारिक अनुभवहरूलाई भाषिक एकाइमा आबद्ध गर्ने कडी नै संसक्ति भएकाले भाषिक अध्ययनका विविध क्षेत्रमा यसको उपस्थिति अपरिहार्य मानिन्छ । वर्तमान शैक्षिक अभ्यास र शिक्षण सिकाइ प्रक्रियामा संसक्तिको पक्ष प्रायः ओझेलमा परेको देखिन्छ । विशेष गरी स्नातक तहमा अध्ययनरत विद्यार्थी प्राज्ञिक लेखन र सिर्जनात्मक अभिव्यक्तिमा निरन्तर क्रियाशील रहने भए तापनि उनीहरूको लेखनमा संसक्तिको सैद्धान्तिक ज्ञान र व्यावहारिक प्रयोग कुशलता कस्तो छ भन्ने प्रश्न नै यस अध्ययनको मुख्य प्रस्थानबिन्दु हो । खनाल (२०७४) का अनुसार "समस्याहरूले अनुसन्धानकर्तालाई परिकल्पना निर्माण गर्न, तथ्याङ्क सङ्कलन गर्न तथा अनुसन्धानसम्बन्धी थप कार्यलाई निश्चित दिशा प्रदान गर्न सहयोग पुऱ्याउँछ" (पृ. १३) । प्रस्तुत लेखमा स्नातक तहका विद्यार्थीको संसक्तिप्रतिको बुझाइ क्षमताको अध्ययन गर्ने लक्ष्य राखिएको छ ।

यस लेखमा मुख्यतया लेख्य सङ्कथनको व्याकरणिक संसक्ति विश्लेषणमा मात्र केन्द्रित रहेको छ । यसमा काठमाडौं उपत्यकाभित्रका दुईवटा आङ्गिक र दुईवटा सामुदायिक गरी कुल चारवटा क्याम्पसहरूलाई समेटेको छ । यस लेखमा शिक्षाशास्त्र सङ्काय स्नातक तह दोस्रो वर्षमा अध्ययनरत २०० जना विद्यार्थीलाई नमुनाका रूपमा छनोट गरी अध्ययनलाई सीमित गरिएको छ । यस अध्ययनले व्याकरणिक संसक्तिअन्तर्गत सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक र लोप संसक्तिप्रतिको बुझाइलाई मुख्य आधार बनाइएको छ । प्रस्तुत अध्ययनको आधार सामग्री स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समविष्ट संसक्तिसम्बन्धी पाठ्यांशमा सीमित रहेको छ ।

**सैद्धान्तिक अवधारणा**

पाठ वा सङ्कथनभित्रका भाषिक एकाइहरूबिचको आन्तरिक र अर्थपूर्ण सम्बन्धलाई संसक्ति भनिन्छ । "सङ्कथनका संरचक एकाइहरूका बिच अन्तर्सम्बन्ध स्थापित गर्न आउने भाषिक तत्वलाई सम्बद्धक भनिन्छ" (भुसाल, २०६९, पृ. १६५) । संसक्तिले वाक्य, संवाद र अनुच्छेद जस्ता भाषिक एकाइहरूलाई सुगठित र अन्वितिपूर्ण तुल्याउनुका साथै समग्र भावलाई सघन बनाउँछ । लामिछाने (२०६८) ले यसलाई "भाषिक एकाइहरूबिच सम्बन्ध स्थापना गरेर प्रस्तुतिलाई प्रसङ्गानुकूल बनाउने युक्ति" का रूपमा स्वीकार गरेका छन् ( पृ. १८६) । वस्तुतः संसक्तिलाई पाठका विभिन्न अवयवहरूलाई आपसमा जोड्ने भाषिक जोर्नीका रूपमा लिइन्छ (भट्टराई, प्रधान र ढुङ्गेल, २०७२, पृ. १०४) । न्यौपाने (२०७९) ले क्रिस्टल (२००३) को सन्दर्भ प्रस्तुत गर्दै संसक्तिले वाक्यहरूबिचको संरचनात्मक र आर्थी सम्बन्धलाई जोड्ने महत्वपूर्ण कार्य गर्ने र यो पाठको बाह्य संरचना निर्माण गर्ने आधारभूत तत्व रहने विचार व्यक्त गरेका छन् (पृ. ६३७) ।

भाषिक एकाइलाई एक आपसमा आबद्ध गराउनु वा तार्किक रूपमा गाँस्नु नै संसक्तिको मूल मर्म हो । ढकाल (२०७८/७९) का अनुसार सम्बद्धकले वाक्य वाक्यका बिचमा संयोजनकारी भूमिका निर्वाह गर्ने जोर्नीको रूपमा काम गर्दछ (पृ. २२४) । यसले सङ्कथनभित्र एउटा अविच्छिन्न शृङ्खला निर्माण गर्छ । "सङ्कथनमा अभिव्यक्तिगत वैचारिक शृङ्खलालाई विस्तार गर्न, स्पष्टीकरण दिन, विकल्प दिन, निषेधात्मकता देखाउन, तुलना गर्न र कार्य कारण सम्बन्ध देखाउन यस्ता भाषिक जोर्नीहरूले केन्द्रीय भूमिका खेल्दछन्" (पौडेल र पोखरेल, २०८०, पृ. २४) । यस प्रक्रियाले पाठमा प्रयुक्त भाषिक एकाइहरूलाई सङ्गठित गर्ने, विचारलाई फैलाउने वा सङ्क्षेपीकरण गर्ने सामर्थ्य राख्दछ ।

संसक्तिले सङ्कथनमा अनावश्यक र लम्बेतान शब्दहरूको पुनरावृत्तिलाई न्यूनीकरण गर्दै अभिव्यक्तिलाई छरितो र प्रभावकारी बनाउँछ । गौतम (२०७६) ले संसक्तिलाई यस्तो रसायन मान्छन्, जसले संवाद, मनोवाद, अनुच्छेद, वाक्य र उपवाक्य जस्ता एकाइहरूलाई एकताबद्ध र सुसङ्गठित बनाउँछ (पृ. ५७५) । भाषिक घटकहरूलाई जोड्ने र विचारलाई व्यवस्थित गर्ने कार्यमा निर्णायक भूमिका निर्वाह गर्दछ (भुसाल, २०६९, पृ. १६५) । संसक्तिलाई पाठ निर्माणको मुख्य स्रोतका रूपमा परिभाषित गरिन्छ । यसले व्याकरणिक संरचनाभन्दा बाहिर पुगेर अर्थको गहिरो सम्बन्ध स्थापना गर्छ ।

संसक्ति मूलतः एक अर्थपरक अवधारणा हो । यसले पाठभित्र रहेका अर्थका सम्बन्धहरूलाई उजागर गर्दै कुनै पनि रचनालाई वाक्यहरूको थुप्रो मात्र हुनबाट जोगाएर एउटा एकीकृत एकाइका रूपमा स्थापित गर्दछ (ह्यालिडे र हसन, सन् १९७६, पृ. १५६) । अधिकारी (२०७४) ले वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूका बिच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक र देशिक तत्वहरूलाई सम्बद्धकका रूपमा व्याख्या गरेका छन् (पृ. २५२) । विद्यार्थीको लेखनमा संसक्तिगत सम्बन्धको प्रयोगले उनीहरूको सञ्चारगत दक्षता र जटिल विचारहरूलाई सूत्रबद्ध गर्ने क्षमतालाई प्रतिबिम्बित गर्दछ (टन्नेन र अन्य, सन् २०१५) । संसक्तिले भाषिक एकाइहरूलाई अर्थपूर्ण रूपमा गाँसेर एउटा सुगठित पाठ तयार पार्छ । यसलाई व्याकरणिक र कोशीय संसक्ति गरी दुई भागमा वर्गीकरण गरिन्छ । यहाँ व्याकरणिक संसक्तिलाई मात्रा मुख्य आधारमानी चर्चा गरिएको छ ।

### व्याकरणिक संसक्ति

सङ्कथनको संरचनामा प्रयुक्त वाक्यहरूलाई व्याकरणिक नियम र कोटिका आधारमा अन्तरसम्बन्धित तुल्याउने प्रक्रियालाई व्याकरणिक संसक्ति भनिन्छ । "सङ्कथनमा यसको भूमिका वाक्यहरूलाई व्याकरणिक कोटिका आधारमा निर्धारण गर्नु नै हो" (पौडेल, २०७४) । यसले वाक्यात्मक सीमाभित्र रहेर भाषिक एकाइहरूबिच व्याकरणात्मक सम्बन्ध स्थापित गर्छ । यसले गर्दा सङ्कथनले विशिष्ट सन्दर्भ र अर्थ प्राप्त गर्छ । व्याकरणिक संसक्तिका प्रमुख स्वरूपहरूलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

### सार्वनामिक संसक्ति

सङ्कथनमा नामपदको पुनरावृत्तिलाई रोकी त्यसको सट्टामा प्रयोग भई वाक्यहरूबिच संरचनात्मक र आर्थी सम्बन्ध स्थापित गर्ने व्याकरणिक तत्वलाई सार्वनामिक संसक्ति भनिन्छ । पाठ निर्माणका क्रममा प्रयुक्त सर्वनामहरू नै सार्वनामिक संसक्तिका आधार हुन् । "सार्वनामिक संसक्तिहरू अग्रसन्दर्भक र पश्चसन्दर्भक भई वाक्यमा विस्तार हुने गर्दछन्" (अधिकारी, २०६२, पृ. २५५) । यी शब्दहरूको आफ्नै स्वतन्त्र अर्थ नभए पनि पाठको विशिष्ट सन्दर्भ र प्रसङ्गमा यिनीहरू अर्थपूर्ण र सन्दर्भयुक्त हुन्छन् । सार्वनामिक संसक्तिले पाठमा व्यक्त भाव वा विचारलाई सङ्गठित तुल्याउन, कार्य कारण शृङ्खलामा आबद्ध गर्न र समग्र विषयवस्तुलाई अर्थपूर्ण बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । यस्ता संसक्तिहरू पाठमा वाक्यान्तरिक र अन्तरवाक्यीय दुवै स्वरूपमा देखा पर्छन् । "सर्वनामसँग सम्बन्धित सन्दर्भकले अग्र वा पश्च सन्दर्भमा आएर विषयवस्तु वा विचारलाई सन्दर्भपूर्ण बनाउने काम गर्छ; सार्वनामिक सम्बद्धकले विचारलाई शृङ्खलाबद्ध, सङ्गठित र सघन बनाउँछ" (ढकाल, २०७८/७९, पृ. २४४) । पाठमा अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनामलाई अग्रसन्दर्भक भनिन्छ भने पछाडि आउने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनामलाई पश्चसन्दर्भक भनिन्छ । सामान्यतया सुरुमा विशिष्ट नामपद दिएर पछि त्यसको सट्टामा सामान्य सर्वनाम प्रयोग गरिएमा अग्रसन्दर्भक हुन्छ । पहिले सामान्य सर्वनाम उल्लेख गरी पछि विशिष्ट नामपदको प्रयोग भएमा त्यसलाई पश्चसन्दर्भक मानिन्छ । "अनुच्छेदभित्रको कुनै व्यक्तिवाचक तथा स्थानवाचक नामलाई पटक-पटक प्रयोग गर्दा हुने नीरसताको अन्त्यका लागि त्यस्ता नामका सट्टामा सर्वनामको प्रयोग गर्नु नै सार्वनामिकीकरण हो" (गौतम, २०७६, पृ. ५७७) । यसले भाषाको प्रस्तुतिलाई छरितो र प्रवाहपूर्ण बनाउँछ । व्याकरणिक कोटिका आधारमा सार्वनामिक संसक्तिलाई पुरुषवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक र आत्मवाचक गरी पाँच प्रकारमा वर्गीकरण गरिन्छ । यसले सङ्कथनलाई सुसम्बद्ध बनाउन मद्दत पुऱ्याउँछ ।

### कालिक संसक्ति

सङ्कथनमा कुनै पनि कार्य, घटना वा अवस्थाको समय बुझाउन प्रयोगमा आउने भाषिक एकाइलाई कालिक संसक्ति भनिन्छ । यसले पाठभित्रका विभिन्न वाक्यहरूलाई समयको एउटा निश्चित शृङ्खलामा आबद्ध गरी अर्थगत स्पष्टता प्रदान गर्छ । "सङ्कथनमा समयसम्बन्धी सूचना दिनका निम्ति विभिन्न भाषिक शब्द सूचकहरूको पर्याप्त प्रयोग भएको पाइन्छ" (पौडेल, २०७४, पृ. २४९) । कालिक संसक्तिका रूपमा मुख्यतया क्रियायोगी र नामयोगी शब्दहरू प्रयुक्त हुन्छन् । यसअन्तर्गत हिजो, आज, भोलि, अहिले, भरे, पोहोर, बिहान जस्ता समयबोधक क्रियायोगी र अघि, पछि, सम्म, पहिले जस्ता नामयोगी शब्दहरू पर्छन् । यस्ता कालिक सूचकहरूले सङ्कथनभित्र घटनाक्रमको निरन्तरता, क्रमबद्धता र समयगत सन्दर्भलाई जोडेर पाठलाई सुसम्बद्ध बनाउछ ।

### स्थानिक संसक्ति

सङ्कथनमा प्रयुक्त वाक्यहरूका बिच स्थानगत सम्बन्ध स्थापित गरी पाठलाई सुसम्बद्ध बनाउने भाषिक एकाइलाई स्थानिक संसक्ति भनिन्छ । "साङ्कथनिक संरचनामा आएर कथन घटनाका विभिन्न स्थान, ठाउँ वा परिवेश जनाउने सम्बद्धकलाई स्थानिक सम्बद्धक भनिन्छ" (भुसाल, २०६९, पृ. १६७) । यसले सङ्कथनभित्रका घटना वा विवरणहरू कुन स्थान वा परिवेशमा घटित भएका हुन् भन्ने कुरालाई जोड्ने कार्य गर्छ । यसअन्तर्गत विभिन्न स्थानवाचक नामपद (जस्तै : काठमाडौं, भक्तपुर, दोलखा, विद्यालय) र स्थानबोधक क्रियायोगी तथा नामयोगी (जस्तैः यहाँ, त्यहाँ, यता, उता, तल, माथि, भित्र, बाहिर, अगाडि, पछाडि, बजारतिर आदि) पर्दछन् । यस्ता स्थानिक सूचकहरूले सङ्कथनमा कहाँ र कताको सन्दर्भलाई स्पष्ट पार्दै विभिन्न भाषिक खण्डहरूलाई अर्थपूर्ण रूपमा आपसमा गाँस्ने जोडकका रूपमा कार्य गर्दछन् । अतः स्थानिक संसक्तिले सङ्कथनमा स्थानगत निरन्तरता र परिवेशगत स्पष्टता कायम राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

### प्रतिस्थापन

सङ्कथनमा पूर्वप्रयुक्त कुनै भाषिक एकाइ (पद, पदावली वा उपवाक्य) को पुनरावृत्ति नगरी त्यसका सट्टामा अर्को उपयुक्त शब्द वा पदको प्रयोग गर्ने प्रक्रियालाई प्रतिस्थापन भनिन्छ । "कुनै पहिले भनिएको कथन, कार्य, घटना विवरण आदिको पुनरुक्तिका सट्टा त्यसका ठाउँमा अर्को विशिष्ट सन्दर्भकको प्रयोगलाई प्रतिस्थापन भनिन्छ" (गौतम, २०७६, पृ. ५७७) । यसले पाठमा अघिल्लो वाक्यमा प्रयोग भएका एकाइहरूलाई पछिल्लो वाक्यमा नयाँ पदमार्फत सङ्केत गरी भाषिक जोर्नीको कार्य गर्छ ।

प्रतिस्थापन संसक्तिले अभिव्यक्तिमा पृथकता ल्याउन, एउटै भाषिक एकाइको बारम्बार हुने आवृत्तिबाट जोगाउन र लामा पदावली एवम् उपवाक्यका सट्टा सङ्क्षिप्त पदको प्रयोग गरी सम्प्रेषणलाई छिटो छरितो बनाउन सहयोग गर्छ । संसक्तिको स्वरूपलाई मुख्यतया नामिक, क्रियात्मक र उपवाक्यात्मक गरी तीन तहमा वर्गीकरण गरिन्छ :

***नामिक प्रतिस्थापन*** : अघिल्लो वाक्यमा प्रयुक्त नाम वा नामपदका सट्टा पछिल्लो वाक्यमा अर्को कुनै शब्द वा पदको प्रयोग हुनुलाई नामिक प्रतिस्थापन भनिन्छ ।

***क्रियात्मक प्रतिस्थापन*** : अघिल्लो वाक्यमा आएको क्रिया वा क्रियापदको सट्टामा पछिल्लो वाक्यमा अर्को कुनै क्रिया वा सहायक पदले प्रतिस्थापन गर्नुलाई क्रियात्मक प्रतिस्थापन भनिन्छ ।

***उपवाक्यात्मक प्रतिस्थापन*** : अघिल्लो वाक्यमा रहेको सिङ्गो उपवाक्यलाई नै पछिल्लो वाक्यमा कुनै सङ्क्षिप्त पदले प्रतिस्थापन गरेमा त्यसलाई उपवाक्यात्मक प्रतिस्थापन भनिन्छ ।

अतः प्रतिस्थापनले सङ्कथनभित्र वाक्यहरूबिचको अनावश्यक पुनरावृत्तिलाई न्यूनीकरण गर्दै अर्थगत निरन्तरता र संरचनात्मक सुगठन कायम राख्न महत्वपूर्ण भूमिका खेल्दछ ।

### संयोजक

दुई वा सोभन्दा बढी शब्द, पदावली, उपवाक्य र वाक्यलाई तार्किक रूपमा जोड्ने भाषिक कडी वा जोर्नीलाई नै संयोजक भनिन्छ । यसले व्याकरणिक एकाइबिच संरचनात्मक र अर्थगत सम्बन्ध स्थापित गर्ने कार्य गर्छ । "कुनै भाषिक एकाइहरूलाई जोड्नु संयोजक हो" (खनिया, सन् २०२२, पृ. ५) । संयोजकहरूको

आफ्नै स्वतन्त्र र स्थिर अर्थ नभए तापनि सङ्कथनमा यिनले निर्वाह गर्ने भूमिका र सन्दर्भका आधारमा यिनको विशिष्ट पहिचान हुने गर्छ ।

गौतम (२०७६) ले पाठमा प्रयुक्त हुने संयोजकलाई "विकल्पवाचकता, विरोध सूचकता, परिणाम वाचकता, समानाधीकरण सूचकता, कारणवाचकता, सङ्केत सूचकता, स्थान वाचकता, रीति वाचकता, व्यतिरेक वाचकता, प्रयोजन वाचकता, काल वाचकता, सम्बन्ध वाचकता, स्थानापन्नता, प्रतिकथनात्मकता, निःसर्तपरकता, सङ्क्रमण सूचकता र सन्दर्भ सूचकता प्रकारमा विभाजन गरेका छन्" । नेपाली भाषामा निरपेक्ष र सापेक्ष गरी दुई प्रकारका संयोजक प्रयोगमा आउँछन् । 'र, तर, पनि, किनभने, किन्तु, परन्तु, अथवा' जस्ता निरपेक्ष संयोजक 'जो, जे, जसरी, जहिले, भनेर' जस्ता सापेक्ष संयोजकहरूले सङ्कथनमा विभिन्न भाषिक खण्डहरूलाई अर्थपूर्ण रूपमा गाँस्ने काम गर्छन् । यस्ता संयोजकहरूको समुचित प्रयोगले अभिव्यक्तिलाई सुसम्बद्ध, प्रवाहपूर्ण र तार्किक बनाउन मद्दत पुऱ्याउँछ ।

### लोप

सङ्कथनमा पुनरुक्तिलाई न्यूनीकरण गर्न र अभिव्यक्तिलाई सङ्क्षिप्त एवम् प्रभावकारी बनाउन कुनै पद वा पदावलीको प्रयोग नगरिने प्रक्रिया नै लोप हो । "पुनरुक्त हुने पद, पदावली र वाक्य आदिलाई हटाउने प्रक्रिया लोप हो" (दाहाल, २०७६, पृ. ११४) । पाठमा प्रस्तोताले अघिल्लो वाक्यमा प्रयोग गरेको कुनै भाषिक एकाइलाई पछिल्लो वाक्यमा उल्लेख नगरे पनि त्यसको अर्थ सन्दर्भ र प्रसङ्गबाट स्वतः स्पष्ट हुन्छ भने त्यस्तो अवस्थालाई लोप मानिन्छ । "लोपमा अर्थको सहचर सम्बन्ध भने रहिरहेको हुन्छ तर संरचनाको भने उपस्थिति हुँदैन" (गौतम, २०७६, पृ. ५७८) । लोपको प्रयोग कथ्य सङ्कथनमा अत्यधिक र लेख्य सङ्कथनमा तुलनात्मक रूपमा कम हुने गर्छ ।

प्रस्तोता र बोद्धाबिचको परिवेशगत सामिप्यता वा सन्दर्भगत समानताका कारण कतिपय शब्दहरू संरचनामा नहुँदा पनि आशय बोधगम्य हुन्छ । सङ्कथनमा मुख्यतया नामिक, क्रियात्मक, उपवाक्यात्मक र संयोजकको लोप हुने गर्छ । लोपलाई पूर्ण र आंशिक गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । अतः लोपले सङ्कथनलाई भाषिक मितव्ययिता प्रदान गर्दै सम्प्रेषणलाई अझ घनीभूत बनाउन महत्तवपूर्ण भूमिका निर्वाह गर्दछ ।

## अध्ययनको उद्देश्य

स्नातक तहमा अध्ययनरत विद्यार्थीमा व्याकरणिक संसक्तिप्रतिको बुझाइको अवस्थाको विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन कार्यलाई वैज्ञानिक, वस्तुनिष्ठ र प्रमाणमा आधारित बनाउनका लागि अवलम्बन गरिने चिन्तन, पद्धति र प्रक्रियाको समष्टिलाई नै अनुसन्धान विधि भनिन्छ । अनुसन्धानकर्ताले आफ्नो अध्ययनलाई निश्चित दिशा प्रदान गर्न र निर्धारित उद्देश्य हासिल गर्न विशिष्ट विधिको छनोट गर्नु अनिवार्य हुन्छ । बटलर किसबर (सन् २०१०) का अनुसार, "अनुसन्धान विधिअन्तर्गत सहभागीहरूको छनोट, प्रतिक्रिया, तथ्य सङ्कलन प्रक्रिया तथा प्राप्त तथ्यहरूको व्याख्या र विश्लेषण जस्ता पक्षहरूको चर्चा गरिन्छ" (पृ. २-७) । यस कार्यलाई विश्वसनीय र तार्किक निष्कर्षमा पुऱ्याउन परिमाणात्मक अनुसन्धान ढाँचाअन्तर्गत प्रत्यक्षवादी दार्शनिक

चिन्तनलाई मुख्य आधार मानिएको छ । प्रस्तुत अध्ययनमा परिमाणात्मक ढाँचाले तथ्यहरूको वस्तुनिष्ठ मापन, साङ्ख्यिकीय विश्लेषण र नतिजाको सामान्यीकरणमा जोड दिइएको छ ।

यसमा स्नातक तह दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीको व्याकरणिक संसक्तिप्रतिको बुझाइलाई साङ्ख्यिकीय रूपमा मापन गरिएको छ । तथ्य सङ्कलनका लागि संरचित प्रश्नावलीलाई मुख्य साधनका रूपमा प्रयोग गर्दै स्थलगत अध्ययनका माध्यमबाट यस अध्ययनलाई अगाडि बढाइएको छ ।

## अध्ययनको क्षेत्र र जनसङ्ख्या

प्रस्तुत अध्ययनको कार्यक्षेत्र काठमाडौं उपत्यकाभित्रका त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध चारवटा क्याम्पसमा सीमित रहेको छ । काठमाडौं उपत्यकाका शैक्षिक संस्थाहरूमा नेपालका विभिन्न भौगोलिक, सामाजिक र सांस्कृतिक परिवेशबाट आएका विद्यार्थीको प्रतिनिधित्व हुने भएकाले यस क्षेत्रलाई अध्ययनको विशिष्ट कार्यक्षेत्रका रूपमा छनोट गरिएको हो । यस अध्ययनका लागि स्नातक तह दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीलाई जनसङ्ख्याका रूपमा लिइएको छ । शैक्षिक सत्र २०८२/०८३ का शिक्षाशास्त्र सङ्कायअन्तर्गतका दुईवटा आङ्गिक क्याम्पस र दुईवटा सामुदायिक क्याम्पसमा अध्ययनरत कुल ६३४ जना विद्यार्थीलाई यस अध्ययनको जनसङ्ख्याका रूपमा निर्धारण गरिएको छ ।

## नमुना छनोट

प्रस्तुत अध्ययनको प्रकृति र उद्देश्यअनुरूप अध्ययनलाई प्रतिनिधित्वमूलक एव वस्तुनिष्ठ बनाउनका लागि सम्भावनायुक्त नमुना छनोट विधिअन्तर्गत सरल यादृच्छिक नमुना छनोट विधि (कोठारी, सन् २००४, पृ. ६१) को अवलम्बन गरी २०० जना विद्यार्थीलाई नमुनाको रुपमा लिएको छ । यस अध्ययनका लागि कुल जनसङ्ख्याबाट नमुनाको आकार निर्धारण गर्न कुल जनसङ्ख्याको झन्डै ३१.५५ प्रतिशत हिस्सा भएकाले यसले अध्ययनको प्रतिनिधित्वलाई सुनिश्चित गर्छ ।

## तथ्याङ्क सङ्कलनका स्रोत

***प्राथमिक स्रोत*** : अध्ययनका लागि छनोट गरिएका क्याम्पसमा अध्ययनरत विद्यार्थीबाट प्रत्यक्ष रूपमा सङ्कलन गरिएका तथ्यहरू नै यस शोधका प्राथमिक स्रोत हुन् । विद्यार्थीहरूको व्याकरणिक संसक्तिप्रतिको बुझाइ क्षमता मापन गर्नका लागि तयार पारिएको लिकर्ट स्केलमा आधारित संरचित प्रश्नावलीबाट प्राप्त उत्तरहरूलाई प्राथमिक तथ्याङ्कका रूपमा उपयोग गरिएको छ ।

***द्वितीयक स्रोत*** : यस कार्यलाई सैद्धान्तिक रूपमा पुष्ट्याइँ गर्न र विश्लेषणलाई सान्दर्भिक बनाउन विभिन्न द्वितीयक स्रोतहरूको सहयोग लिइएको छ । यसअन्तर्गत सङ्कथन र संसक्ति विश्लेषणको सिद्धान्तसँग सम्बन्धित मानक पुस्तकहरू, शोधपत्र, विभिन्न जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख, पत्रपत्रिका, प्रतिवेदन तथा सम्बन्धित विषयका आधिकारिक वेबसाइटबाट प्राप्त सामग्रीहरूलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

## तथ्याङ्क सङ्कलन विधि तथा प्रक्रिया

सर्वप्रथम छनोटमा परेका क्याम्पसका प्रशासन, विभागीय प्रमुख र सम्बन्धित विषय शिक्षकसँग समन्वय गरी अध्ययनको उद्देश्य र औचित्य प्रस्ट पारिएको थियो । अध्ययनका लागि आवश्यक प्रशासनिक अनुमति प्राप्त गरेपश्चात् सहभागी विद्यार्थीलाई अध्ययनको महत्व र गोपनीयताका बारेमा जानकारी दिँदै

उनीहरूको स्वेच्छिक सहमति लिइएको थियो । विद्यार्थीको संसक्तिसम्बन्धी धारणा बुझ्न लिकर्ट स्केलका पाँच सूचकहरू समावेश गरिएको थियो । यसरी सङ्कलन गरिएका २०० वटा उत्तरपुस्तिकालाई व्यवस्थित रूपमा कोडिङ गरी परीक्षण गरिएको थियो । प्राप्त तथ्याङ्कलाई प्रतिशत जस्ता साङ्ख्यिकीय विधिबाट विश्लेषण गरिएको छ ।

## नतिजा तथा प्राप्ति

सङ्कथनलाई भाषाको एउटा पूर्ण सम्प्रेषणात्मक र सन्दर्भपरक एकाइका रूपमा ग्रहण गरिन्छ । कथित वा लिखित जुनसुकै स्वरूपमा सन्दर्भ र प्रसङ्ग विद्यमान हुँदा साङ्कथनिक संरचनाको निर्माण हुन्छ । सङ्कथन केवल व्याकरणिक नियमहरूको आबद्धता मात्र नभएर सामाजिक सम्प्रेषणको एक सान्दर्भिक र जीवन्त प्रक्रिया पनि हो । यसमा व्याकरणिक संसक्तिप्रति बुझाइको अवस्थालाई चित्रण गरिएको छ । विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्कहरूलाई प्रतिशतको आधारमा व्याख्या र विश्लेषण गरिएको छ । विशेष गरी विद्यार्थीमा संसक्तिप्रतिको सैद्धान्तिक बुझाइको स्तर कस्तो छ भन्ने पक्षलाई वस्तुपरक ढङ्गले केलाउनु नै यस विश्लेषणको मुख्य ध्येय रहेको छ ।

### संसक्तिप्रतिको बुझाइ

विद्यार्थीले संसक्तिका युक्तिलाई जति प्रभावकारी रूपमा आत्मसात् गर्छन्, उनीहरूको भाषिक अभिव्यक्ति र सम्प्रेषण कला उति नै सबल हुने गर्छ । उक्त तहमा अध्ययनरत विद्यार्थीको संसक्तिसम्बन्धी सैद्धान्तिक बुझाइको स्तर पहिल्याउन विभिन्न कथन वा सूचकहरू प्रस्तुत गरी उनीहरूको प्रतिक्रिया सङ्कलन गरिएको छ । समग्रमा स्नातक तह दोस्रो वर्षका विद्यार्थीमा संसक्तिप्रतिको बुझाइको स्थितिलाई निम्नबमोजिम विश्लेषण गरिएको छ :

**तालिका १**

*संसक्तिप्रतिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संसक्ति प्रयोग गर्दा मेरो लेखन व्यवस्थित र स्पष्ट हुन्छ । | ४१ (२१.४% ) | ११२ (५८.३ %) | ३० (१५.६%) | ७ (३.६%) | २ (१.०%) | १९२ |
| २ | शिक्षकले दिएको पृष्ठपोषणले मेरो संसक्ति प्रयोग क्षमता सुधार गरेको छ । | ६० (३२.१ %) | ९१ (४८.७%) | ३२ (१७.१%) | ३ (१.६%) | १ (०.५%) | १८७ |
| ३ | राम्रो लेखनका लागि संसक्ति अत्यन्त आवश्यक छ । | ६२ (३१.८%) | १०९ (५५.९%) | २२ (११.३%) | २ (१%) | ० (०%) | १९५ |

*स्रोत:* स्थलगत अध्ययन, २०८२

प्रस्तुत तालिका १ मा स्नातक तहका विद्यार्थीको संसक्तिप्रतिको सैद्धान्तिक बुझाइ र दृष्टिकोणलाई विश्लेषण गरिएको छ । तथ्याङ्कअनुसार ७९.७ प्रतिशत विद्यार्थीले संसक्तिको प्रयोगबाट लेखन व्यवस्थित र स्पष्ट हुने कुरामा सहमति जनाएका छन् । यसले ह्यालिडे र हसन (सन् १९७६) ले प्रतिपादन गरेको संसक्तिले वाक्यहरूको समूहलाई एकीकृत र अर्थपूर्ण एकाइ बनाउने बुनोटसम्बन्धी अवधारणालाई व्यावहारिक रूपमै पुष्ट्याइँ गर्छ । यसै गरी ८०.८ प्रतिशत विद्यार्थीले संसक्ति प्रयोग क्षमता विकासमा शिक्षकको पृष्ठपोषणलाई निर्णायक मान्नुले गी (सन् १९९९) को भाषालाई सामाजिक अभ्यास र संस्थागत सिकाइका रूपमा लिने प्रायोगिक दृष्टिकोणसँग सामिप्यता राख्दछ । विशेषतः ८७.७ प्रतिशत विद्यार्थीले गुणस्तरीय लेखनका लागि संसक्तिलाई अनिवार्य सर्तका रूपमा स्वीकार गर्नुले पौडेल र पोखरेल (२०८०) द्वारा प्रस्तावित संसक्तिलाई भाषिक जोर्नी मान्ने सैद्धान्तिक विचारलाई विद्यार्थीले गहिरोसँग आत्मसात् गरेको पुष्टि हुन्छ । अतः ८० प्रतिशतभन्दा बढी विद्यार्थीको यो सकारात्मक प्रतिक्रियाले स्नातक तहका विद्यार्थीमा संसक्ति केवल व्याकरणको नियम मात्र नभई पाठलाई सुसम्बद्ध, तार्किक र सम्प्रेष्य बनाउने एक अपरिहार्य साङ्कथनिक औजार हो भन्ने चेतना उच्च स्तरमा रहेको पाइन्छ ।

### व्याकरणिक संसक्तिको बुझाइ

व्याकरणिक संसक्ति सङ्कथन वा पाठभित्रका वाक्यहरूलाई व्याकरणिक नियम र कोटिका आधारमा परस्परमा आबद्ध गर्ने विशिष्ट भाषिक युक्ति हो । यसले पाठमा प्रयुक्त विभिन्न भाषिक खण्डहरूलाई संरचनात्मक रूपमा संयोजन गरी अर्थपूर्ण बनाउने कार्य गर्दछ । व्याकरणिक संसक्तिअन्तर्गत मुख्यतया सार्वनामिक, कालिक, स्थानिक, प्रतिस्थापन, संयोजक र लोप संसक्ति पर्छन् । स्नातक तहमा अध्ययनरत विद्यार्थीमा व्याकरणिक संसक्तिप्रतिको बुझाइलाई निम्नअनुसार विश्लेषण गरिएको छ ।

### सार्वनामिक संसक्ति

सङ्कथनमा कुनै पद, पदावली वा वाक्यको अनावश्यक पुनरावृत्तिलाई न्यूनीकरण गरी पाठलाई सुगठित र अर्थपूर्ण बनाउन प्रयोग गरिने सर्वनामलाई सार्वनामिक संसक्ति भनिन्छ । विशेष गरी सर्वनामको समुचित प्रयोगले दोहोरिने नामपदहरूको सट्टा सन्दर्भलाई स्पष्ट पार्ने मात्र नभई पाठलाई छरितो, सम्प्रेष्य र सुसम्बद्ध बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । यस अध्ययनमा सहभागी विद्यार्थीको सार्वनामिक संसक्तिप्रतिको बुझाइको स्थितिलाई निम्नबमोजिम विश्लेषण गरिएको छ :

**तालिका २**

*सार्वनामिक संसक्तिको बुझाइ*

| क्र. सं | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | लेखनमा नाम आवृत्ति नहोस् भनी सर्वनाम प्रयोग । | ८० (४२.३%) | ८० (४२.३%) | १७ (९.०%) | १० (५.३%) | २ (१.१%) | १८९ |
| २ | सर्वनामले केलाई जनाइरहेको छ भन्ने बोध । | ८४ (४३.५%) | ९४ (४८.७%) | ९ (४.७%) | २ (१.०४%) | ४ (२.१%) | १९३ |
| ३ | सर्वनामको उचित प्रयोगले गर्दा लेखन स्पष्ट हुने बुझाइ । | ७५ (३९.७%) | ९२ (४८.७%) | ११ (५.८%) | ८ (४.२%) | ३ (१.६%) | १८९ |

*स्रोत:* स्थलगत अध्ययन, २०८२

प्रस्तुत तालिका २ मा विद्यार्थीको सार्वनामिक संसक्तिप्रतिको बुझाइलाई विश्लेषण गरिएको छ । तथ्याङ्कअनुसार ८४.६ प्रतिशत विद्यार्थी नामपदको पुनरावृत्ति न्यूनीकरणका लागि सर्वनामको प्रयोग गरिने तथ्यमा सकारात्मक देखिनुले गौतम (२०७६) को नामको पटक पटकको प्रयोगबाट उत्पन्न हुने नीरसता अन्त्य गर्न सार्वनामिकीकरण गरिन्छ भन्ने मान्यतालाई पुष्टि गर्छ । विशेष गरी पाठमा प्रयुक्त सर्वनामले कुन सन्दर्भ वा नामलाई सङ्केत गरिरहेको छ भन्ने सन्दर्भबोधका सम्बन्धमा सबैभन्दा उच्च ९२.२ प्रतिशत विद्यार्थीले सकारात्मक धारणा राख्नुले ह्यालिडे र हसन (सन् १९७६) को सन्दर्भनसम्बन्धी सिद्धान्तप्रतिको उनीहरूको गहन बोधलाई सङ्केत गर्छ । यसले पाठमा अर्थको निरन्तरता कायम गर्न मद्दत गर्छ । साथै ८८.४ प्रतिशत विद्यार्थीले सर्वनामको उचित प्रयोगलाई लेखनको स्पष्टता र प्रभावकारितासँग जोडेर हेर्नुले ढकाल (२०७८/७९) द्वारा प्रस्तावित सार्वनामिक सम्बद्धकले विचारलाई शृङ्खलाबद्ध, सङ्गठित र सघन बनाउँछ भन्ने अवधारणालाई विद्यार्थीले व्यावहारिक रूपमा आत्मसात् गरेको देखिन्छ । समग्रमा ८५ प्रतिशतभन्दा बढी विद्यार्थीको यो सकारात्मक झुकावले विद्यार्थीमा सार्वनामिक संसक्तिप्रतिको बुझाइ स्पष्ट र उच्च रहेको पाइन्छ।

## कालिक संसक्ति

सङ्कथनमा कुनै पनि कार्य, घटना वा अवस्थाको समयगत सम्बन्ध र सिलसिला बुझाउने भाषिक एकाइलाई कालिक संसक्ति भनिन्छ । यसले पाठमा वर्णित विवरणहरूलाई समयको निश्चित क्रममा व्यवस्थित गरी साङ्कथनिक संरचनालाई सुसम्बद्ध तुल्याउँछ । विशेष गरी पाठमा घटनाक्रमको समयगत निरन्तरता र कालानुक्रमिक सिलसिला स्थापित गर्न कालिक संसक्तिलाई एक अनिवार्य साधनका रूपमा लिइन्छ । यसै सन्दर्भमा स्नातक तहका विद्यार्थीमा कालिक संसक्तिप्रतिको सैद्धान्तिक बुझाइको अवस्थालाई निम्न प्रस्तुत गरिएको छ:

**तालिका ३**

*कालिक संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | घटनाहरूलाई समय-क्रमअनुसार प्रस्तुत गर्ने क्षमता । | ५१ (२६.८४%) | १०३ (५४.२१%) | २९ (१५.२६%) | ५ (२.६३%) | २ (१.०५%) | १९० |
| २ | समय सूचक शब्दहरू प्रयोग गर्ने सक्षमता । | ३७ (१९.८९%) | १०५ (५६.४५%) | ३१ (१६.६७%) | ८ (४.३०%) | ५ (२.६९%) | १८६ |

*स्रोतः* स्थलगत अध्ययन, २०८२

प्रस्तुत तालिका ३ मा स्नातक तहका विद्यार्थीमा कालिक संसक्तिप्रतिको बुझाइ सक्षमतालाई विश्लेषण गरिएको छ । तथ्याङ्कअनुसार ८१.०५ प्रतिशत विद्यार्थी सङ्कथनभित्रका घटनालाई समयक्रमअनुसार व्यवस्थित रूपमा प्रस्तुत गर्ने क्षमतामा सकारात्मक देखिनुले पौडेल (२०७४) को सङ्कथनमा समयसम्बन्धी सूचना प्रवाह गर्न विभिन्न भाषिक सूचकहरूको प्रयोग अनिवार्य हुन्छ भन्ने सैद्धान्तिक विचारलाई विद्यार्थीले आत्मसात् गरेको देखिन्छ । यसै गरी ७६.३४ प्रतिशत विद्यार्थीले समय सूचक शब्दहरूको छनोट र प्रयोगमा आफ्नो सक्षमता जाहेर गर्नुले सङ्कथनलाई कालानुक्रमिक सिलसिलामा उनेर बोधगम्य बनाउने प्रक्रियाप्रतिको उनीहरूको सचेततालाई उजागर गर्छ । यो नतिजा गौतम (२०७६) को अनुच्छेदभित्रका वाक्यहरू तार्किक शृङ्खलामा उनिएर आउनुपर्छ भन्ने अवधारणासँग मेल खान्छ । यसले पाठमा घटनाक्रमको समयगत निरन्तरता र प्रवाह कायम गर्न मद्दत गर्छ । समग्रमा ७५ प्रतिशतभन्दा बढी विद्यार्थीको सकारात्मक प्रतिक्रियाले स्नातक तहका विद्यार्थीमा कालिक संसक्तिको सैद्धान्तिक बोध र घटनाहरूलाई समयको कडीमा बाँधेर सुसम्बद्ध पाठ निर्माण गर्ने साङ्कथनिक क्षमता राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**स्थानिक संसक्ति**

सङ्कथनमा प्रयुक्त वाक्यहरूबिच स्थान, क्षेत्र र परिवेशगत सम्बन्ध स्थापित गर्ने भाषिक एकाइलाई स्थानिक संसक्ति भनिन्छ । स्थानसूचक शब्दहरूको समुचित प्रयोगले लेखनलाई जीवन्त, स्पष्ट र दृश्यात्मक बनाउनुका साथै सम्प्रेषणीयतामा वृद्धि गर्दछ । विशेष गरी वर्णनात्मक र व्याख्यात्मक शैलीका लेखनमा भौगोलिक वा वातावरणीय सन्दर्भ बुझाउन स्थानिक संसक्तिको भूमिका अपरिहार्य रहन्छ । स्नातक तहका विद्यार्थीमा स्थानिक संसक्तिप्रतिको सैद्धान्तिक बुझाइको अवस्थालाई निम्ननानुसार प्रस्तुत गरिएको छ :

**तालिका ४**

*स्थानिक संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | स्थान जनाउने शब्दहरूको उपयुक्त प्रयोग । | १०० (५२.६%) | ८१ (४२.६%) | ७ (३.७%) | ० (०%) | २ (१.१%) | १९० |
| २ | वस्तु/स्थानलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्ने क्षमता । | ४७ (२४.९%) | ११४ (६०.३%) | २० (१०.६%) | ३ (१.६%) | ५ (२.६%) | १८९ |

*स्रोतः* स्थलगत अध्ययन, २०८२

प्रस्तुत तालिका ४ मा स्नातक तहका विद्यार्थीको स्थानिक संसक्तिप्रतिको बुझाइलाई विश्लेषण गरिएको छ । तथ्याङ्कअनुसार ९५.२ प्रतिशत जस्तो उच्च सङ्ख्यामा विद्यार्थी स्थान जनाउने शब्दहरूको उपयुक्त प्रयोगका सम्बन्धमा सकारात्मक देखिएका छन् । यसले भुसाल (२०६९) द्वारा प्रस्तावित साङ्कथनिक संरचनामा स्थान, ठाउँ वा परिवेश जनाउने सम्बद्धकले भाषिक जोर्नीको कार्य गर्छ भन्ने सैद्धान्तिक मान्यतालाई पूर्णतः आत्मसात् गरेको पाइन्छ । त्यसै गरी ८५.२ प्रतिशत विद्यार्थीले वस्तु वा स्थानलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्ने क्षमतामा सहमति जनाउनुले सङ्कथनभित्र स्थानगत सुसम्बद्धता कायम गर्ने प्रक्रियाप्रतिको उनीहरूको सचेततालाई उजागर गर्छ । यसले गौतम (२०७६) को वर्णनात्मक लेखनमा स्थानिक संसक्तिले प्रस्तुतिलाई स्पष्ट र दृश्यात्मक बनाउँछ भन्ने धारणासँग मेल खान्छ । समग्रमा ८५ प्रतिशतभन्दा बढी विद्यार्थीको यो सकारात्मक झुकावले स्नातक तह दोस्रो वर्षका विद्यार्थीमा स्थानिक संसक्तिको छनोट र परिवेशअनुसारको तार्किक संयोजन गर्ने साङ्कथनिक क्षमता सबल रहेको पाइन्छ ।

## प्रतिस्थापन संसक्ति

प्रतिस्थापन संसक्ति लेखनमा दोहोरिने शब्द वा संरचनाको सट्टा उपयुक्त भाषिक विकल्पहरूको छनोट गरी पाठलाई सुसम्बद्ध बनाउने एक महत्वपूर्ण व्याकरणिक प्रक्रिया हो । यसको समुचित प्रयोगले भाषिक प्रवाहलाई अविच्छिन्न तुल्याउनुका साथै अर्थगत स्पष्टता प्रदान गर्छ । प्रतिस्थापनले लेखनलाई सङ्क्षिप्त, छरितो र प्रभावकारी बनाउनुका साथै प्रस्तुतिमा भाषिक विविधता ल्याउछ । यसै सन्दर्भमा स्नातक तहका विद्यार्थीमा प्रतिस्थापन संसक्तिप्रतिको सैद्धान्तिक बोधको अवस्थालाई निम्ननानुसार प्रस्तुत गरिएको छः

**तालिका ५**

*प्रतिस्थापन संसक्तिको बुझाइ*

| क्र.सं | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | शब्दको सट्टा उपयुक्त संरचना प्रयोग गरी प्रतिस्थापन गर्न सक्षम । | ५२ (२७.३७%) | १०३ (५४.२१%) | २६ (१३.६८%) | ६ (३.१६%) | ३ (१.५८%) | १९० |
| २ | प्रतिस्थापन प्रयोगले लेखनको अर्थ स्पष्ट बनाउने कुरामा सचेतता । | ३३ (१६.९२%) | ८२ (४२.०५%) | ५७ (२९.२३%) | २० (१०.२६%) | ३ (१.५४%) | १९५ |

*स्रोत* : स्थलगत अध्ययन, २०८२)

प्रस्तुत तालिका ५ मा स्नातक तहका विद्यार्थीको प्रतिस्थापन संसक्तिप्रतिको बुझाइ र सचेततालाई विश्लेषण गरिएको छ । उक्त् तथ्याङ्कअनुसार ८१.५८ प्रतिशत विद्यार्थी शब्दको सट्टा उपयुक्त संरचना प्रयोग गरी प्रतिस्थापन गर्न सक्षम रहेको देखिनुले गौतम (२०७६) द्वारा प्रस्तावित पहिले भनिएको कथन वा कार्यको पुनरुक्तिका सट्टा अर्को विशिष्ट सन्दर्भकको प्रयोगले पाठलाई छरितो बनाउँछ भन्ने मान्यतालाई पुष्ट्याइँ गर्छ । यद्यपि प्रतिस्थापनको प्रयोगले लेखनको अर्थ स्पष्ट बनाउँछ भन्ने सचेतताका सम्बन्धमा ५८.९७ प्रतिशत विद्यार्थी मात्र सकारात्मक देखिनु र उल्लेख्य सङ्ख्यामा (२९.२३ प्रतिशत) विद्यार्थी तटस्थ रहनुले ढकाल ( २०७८/७९) ले उल्लेख गरेझैँ कथनमा नवीनता र पृथकता ल्याउन प्रतिस्थापनले खेल्ने सूक्ष्म भूमिकाबारे विद्यार्थीमा अझै पूर्ण स्पष्टता नभएको सङ्केत गर्दछ । समग्रमा ८० प्रतिशतभन्दा बढी विद्यार्थी प्रतिस्थापनको प्रयोगमा सक्षम देखिए पनि यसको संसक्तिप्रतिको बुझ्ने सन्दर्भमा भने थप शैक्षिक सुदृढीकरणको आवश्यकता रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**संयोजक संसक्ति**

संयोजक संसक्तिलाई सङ्कथनभित्रका वाक्य तथा विचारहरूबिच तार्किक र अर्थगत सम्बन्ध स्थापना गर्ने एक प्रमुख व्याकरणिक साधनका रूपमा लिइन्छ । संयोजकको सटिक प्रयोगले छरिएका विचारलाई एउटै सूत्रमा आबद्ध गरी पाठलाई सुगठित, एकीकृत र प्रवाहपूर्ण बनाउन सहयोग पुर्‍याउँछ । प्राज्ञिक लेखनमा संयोजकको उचित चयनले विचारको क्रमिक विकासलाई स्पष्ट पार्दै सम्प्रेषणलाई अझ प्रभावकारी बनाउँछ । यसै सन्दर्भमा स्नातक तहका विद्यार्थीमा संयोजक संसक्तिको सैद्धान्तिक बुझाइको अवस्थालाई निम्ननानुसर प्रस्तुत गरिएको छ :

**तालिका ६**

*संयोजक संसक्तिको बुझाइ*

| क्र. सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कारण-परिणाम जनाउने संयोजकहरूको उपयुक्त प्रयोग । | ९५ (४७.९८%) | ७८ (३९.३९%) | ९ (४.५५%) | ८ (४.०४%) | ८ (४.०४%) | १९८ |
| २ | विपरीत अर्थ दिने संयोजक प्रयोगमा सहजता । | ५२ (२७.०८%) | ११५ (५९.९%) | ९ (४.६९%) | ८ (४.१७%) | ८ (४.१७%) | १९२ |
| ३ | संयोजकका विचारहरूलाई एकीकृत गर्ने बुझाइ । | ५६ (२९.३२%) | १०१ (५२.८८%) | २५ (१३.०९%) | ५ (२.६२%) | ४ (२.०९%) | १९१ |

*स्रोतः* स्थलगत अध्ययन, २०८२

प्रस्तुत तालिका ६ मा स्नातक तहका विद्यार्थीको संयोजक संसक्तिप्रतिको बुझाइलाई विश्लेषण गरिएको छ । तथ्याङ्कअनुसार ८७.३७ प्रतिशत विद्यार्थी कारण परिणाम जनाउने संयोजकको उपयुक्त प्रयोगका सम्बन्धमा सकारात्मक देखिएका छन् । यसले गौतम (२०७६) द्वारा उल्लेख गरिएका कारणवाचक र परिणामवाचक संयोजकले पाठलाई सुसम्बद्ध बनाउँछन् भन्ने सैद्धान्तिक मान्यतालाई विद्यार्थीले राम्रोसँग आत्मसात् गरेको पुष्टि गर्छ । त्यसै गरी ८६.९८ प्रतिशत विद्यार्थीले विपरीत अर्थ दिने (विरोधवाचक) संयोजक प्रयोगमा सहजता महसुस गर्नुले विचारबिचको तार्किक द्वन्द्व वा भिन्नतालाई स्पष्ट पार्ने क्षमता उनीहरूमा उच्च रहेको सङ्केत गर्छ । संयोजकले छरिएका विचारलाई एकीकृत गर्छ भन्ने बुझाइमा ८२.२ प्रतिशत विद्यार्थी सकारात्मक रहनुले खनिया (सन् २०२२) को भाषिक एकाइलाई संयोजन गर्नु नै संसक्तिको आधार हो भन्ने विचारलाई उनीहरूले व्यावहारिक लेखनको एक अपरिहार्य कडीका रूपमा बुझेको देखिन्छ । समग्रमा ८० प्रतिशतभन्दा बढी विद्यार्थीको यो सकारात्मक झुकावले स्नातक तहका विद्यार्थीमा संयोजक संसक्तिको छनोट र विचारबिच तार्किक पुल निर्माण गरी सुदृढ साङ्कथनिक संरचना तयार पार्ने क्षमता सबल रहेको पाइन्छ ।

## लोप संसक्ति

लोप संसक्तिले पाठबाट अनावश्यक शब्द वा संरचनाहरूलाई हटाई अर्थको निरन्तरता कायम राख्दै प्रस्तुतिलाई छोटो, प्रभावकारी र प्रवाहपूर्ण बनाउन सहयोग पुऱ्याउँछ । लोपको सटिक र उचित प्रयोगले भाषिक मितव्ययिता कायम गर्नुका साथै लेखनको गुणस्तर र स्तरीयतालाई उच्च तुल्याउँछ । यस अध्ययनमा स्नातक तह दोस्रो वर्षका विद्यार्थीमा लोप संसक्तिप्रतिको सैद्धान्तिक बुझाइको अवस्थालाई निम्ननानुसार प्रस्तुत गरिएको छ :

**तालिका ७**

*लोप संसक्तिको बुझाइ*

| क्र.सं. | कथन | पूर्ण सहमत | सहमत | तटस्थ | असहमत | बिल्कुल असहमत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | लेखनमा अर्थ स्पष्ट हुँदा अनावश्यक शब्द हटाउने अभ्यास । | ६२ (३१.९६%) | ८० (४१.२४%) | ३७ (१९.०७%) | १५ (७.७३%) | ० (०%) | १९४ |
| २ | लोपले लेखनलाई छोटो र प्रवाहयुक्त बनाउने अनुभव । | ३९ (१९.८%) | ९५ (४८.२२%) | ५१ (२५.८९%) | ८ (४.०६%) | ४ (२.०३%) | १९७ |
| ३ | सन्दर्भअनुसार लोपको उपयुक्तता बुझ्ने क्षमता । | २२ (११.६४%) | ९५ (५०.२६%) | ५१ (२६.९८%) | १५ (७.९४%) | ६ (३.१७%) | १८९ |

*स्रोत:* स्थलगत अध्ययन, २०८२

प्रस्तुत तालिका ७ मा स्नातक तहका विद्यार्थीमा लोप संसक्तिप्रतिको बुझाइको अवस्थालाई विश्लेषण गरिएको छ । तथ्याङ्कअनुसार ७३.२ प्रतिशत विद्यार्थी लेखनमा अर्थ स्पष्ट हुँदा अनावश्यक शब्द हटाउने अभ्यासमा सकारात्मक देखिएका छन् । यसले दाहाल (२०७६) द्वारा प्रस्तावित पुनरुक्त हुने पद वा पदावलीलाई हटाएर सम्प्रेषणलाई छरितो बनाउने लोपको प्रक्रियालाई विद्यार्थीले सामान्य रूपमा बुझेको पुष्टि गर्छ । त्यसै गरी ६८.०२ प्रतिशत विद्यार्थीले लोपको प्रयोगबाट लेखन छोटो र प्रवाहयुक्त हुने अनुभव व्यक्त गर्नुले गौतम (२०७६) को लोपमा संरचनाको उपस्थिति नभए पनि अर्थको सहचर सम्बन्ध यथावत् रहने धारणासँग मेल खान्छ । यद्यपि सन्दर्भअनुसार लोपको उपयुक्तता बुझ्ने क्षमतामा ६१.९ प्रतिशत मात्र सकारात्मक देखिनु र अन्य संसक्तिको तुलनामा तटस्थ रहने विद्यार्थीको सङ्ख्या उल्लेख्य (२७ प्रतिशत सम्म) हुनुले लोप संसक्तिप्रतिको बुझाइमा विद्यार्थी अझै केही अन्योल रहेको सङ्केत गर्छ । यसबाट विद्यार्थीले लोपलाई एउटा सैद्धान्तिक युक्तिका रूपमा स्विकारे पनि यसको जटिल साङ्कथनिक सन्दर्भ ठम्याउने सन्दर्भमा उनीहरूको बोध सार्वनामिक वा संयोजक संसक्तिको तुलनामा केही कमजोर रहेको छ । समग्रमा ६० देखि ७० प्रतिशत विद्यार्थीको सकारात्मक प्रतिक्रियाले स्नातक तहका विद्यार्थीमा लोप संसक्तिको आधारभूत ज्ञान भए पनि यसको सिर्जनात्मक र सन्दर्भपरक प्रयोगका लागि थप स्पष्टताको आवश्यकता रहेको पाइन्छ ।

**समग्रमा व्याकरणिक संसक्ति**

प्रस्तुत अध्ययनमा विश्लेषण गरिएका व्याकरणिक संसक्तिका विभिन्न आयामहरूमा स्नातक तहका विद्यार्थीको बुझाइ र सचेतता समग्रमा सकारात्मक देखिएको छ । सार्वनामिक संसक्तिका सन्दर्भमा नामपदको अनावश्यक पुनरावृत्ति निवारण र लेखनको स्पष्टताका लागि सर्वनामको भूमिकालाई विद्यार्थीले उच्च प्राथमिकताका साथ आत्मसात् गरेको पाइएको छ । कालिक संसक्तिअन्तर्गत घटनाक्रमलाई समयको शृङ्खलामा उनेर प्रस्तुत गर्ने क्षमता सबल देखिए तापनि समयसूचक शब्दको सूक्ष्म र सुसङ्गत प्रयोगमा भने केही सुधारको आवश्यकता महसुस गरिएको छ । स्थानिक संसक्तिको प्रयोगमा विद्यार्थी स्थान र परिवेश जनाउने

शब्दको छनोट एवम् वस्तु स्थानको क्रमबद्ध प्रस्तुतिमा अपेक्षाकृत बढी दक्ष र सचेत देखिएका छन् । प्रतिस्थापन संसक्तिका क्षेत्रमा दोहोरिएका भाषिक एकाइको सट्टा उपयुक्त विकल्पहरूको प्रयोग गर्ने आधारभूत सैद्धान्तिक बुझाइ रहे पनि सन्दर्भगत विशिष्टता कायम गर्ने सन्दर्भमा थप स्पष्टताको खाँचो देखिन्छ । संयोजक संसक्तिको प्रयोगमा विद्यार्थीको क्षमता अत्यन्त उच्च र प्रशंसनीय पाइएको छ; विशेष गरी कारण-परिणाम, विरोध र विचारहरूको एकीकरण गर्ने संयोजकहरूको सफल प्रयोगले उनीहरूको लेखनको तार्किक धरातललाई सुदृढ बनाएको सङ्केत गर्दछ । लोप संसक्तिका सन्दर्भमा भने अनावश्यक शब्द हटाई लेखनलाई सङ्क्षिप्त र प्रवाहपूर्ण बनाउने सैद्धान्तिक एवम् व्यावहारिक सचेतता संसक्तिका अन्य स्वरूपहरूको तुलनामा केही कमजोर रहेको पाइएको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनलाई दृष्टिगत गर्दा स्नातक तहमा अध्ययनरत विद्यार्थीमा व्याकरणिक संसक्तिका सैद्धान्तिक र व्यावहारिक पक्षहरूबारे रहेको बुझाइलाई सूक्ष्म रूपमा विश्लेषण गरेको छ । प्राप्त तथ्याङ्क र विश्लेषणका आधारमा ८० प्रतिशतभन्दा बढी विद्यार्थी संसक्तिको प्रयोगले लेखनलाई व्यवस्थित, सुस्पष्ट र प्रभावकारी बनाउँछ भन्ने तथ्यमा सहमत देखिनुले उनीहरूमा प्राज्ञिक लेखनको आधारभूत चेतना उच्च रहेको पुष्टि हुन्छ । संसक्तिका विभिन्न आयामहरूमध्ये विशेष गरी संयोजक र सार्वनामिक संसक्तिको प्रयोगमा विद्यार्थी अत्यन्त निपुण र सचेत पाइएका छन् । विद्यालय तहदेखि नै यी विषयहरू व्याकरणको अभिन्न अङ्गका रूपमा रहनु र शिक्षकको निरन्तर पृष्ठपोषण प्राप्त हुनु यसको मुख्य कारण मान्न सकिन्छ ।

कालिक र स्थानिक संसक्तिका सन्दर्भमा घटनाक्रमको सूक्ष्म संयोजनमा अझै केही सुधारको आवश्यकता देखिन्छ । अध्ययनको सबैभन्दा चुनौतीपूर्ण पक्षका रूपमा प्रतिस्थापन र लोप संसक्ति देखिएका छन् । यी दुई विधामा विद्यार्थीको सैद्धान्तिक बुझाइ सकारात्मक रहे तापनि व्यावहारिक र सिर्जनात्मक प्रयोगको स्तर भने तुलनात्मक रूपमा कमजोर पाइयो । जटिल साङ्कथनिक सन्दर्भ ठम्याउन र सङ्क्षिप्त एवम् छरितो लेखन शैली अपनाउन विद्यार्थीमा अझै केही अन्योल र प्राविधिक कठिनाइहरू विद्यमान छन् ।

नेपाली भाषा शिक्षण अझै पनि परम्परागत वाक्य व्याकरणको घेराभन्दा माथि उठेर पूर्णतः सङ्कथन केन्द्रित हुन सकेको देखिँदैन । पाठ्यक्रम र शिक्षण पद्धतिले लोप र प्रतिस्थापन जस्ता साङ्कथनिक उपकरणहरूलाई पर्याप्त प्राथमिकता नदिँदा विद्यार्थी यी क्षेत्रमा पछि परेको हुन सक्ने अनुमान गर्न सकिन्छ । अतः स्नातक तहका विद्यार्थीको प्राज्ञिक लेखनलाई थप ओजनदार, तार्किक र सुसम्बद्ध बनाउनका लागि केवल शब्द र वाक्यको शुद्धतामा मात्र सीमित नभई आधुनिक भाषाविज्ञानका साङ्कथनिक उपलब्धिहरूलाई शिक्षण प्रक्रियामा अनिवार्य रूपमा आत्मसात् गर्नु अपरिहार्य देखिन्छ ।

## सुझाव

प्रस्तुत अध्ययनको निष्कर्षका आधारमा स्नातक तहका विद्यार्थीको व्याकरणिक संसक्ति क्षमतामा सुधार ल्याउन केही ठोस कदमहरू चाल्नुपर्ने देखिन्छ । सर्वप्रथम नेपाली भाषाको पाठ्यक्रम र शिक्षण पद्धतिलाई परम्परागत वाक्य व्याकरणको सीमित घेराबाट माथि उठाई आधुनिक भाषाविज्ञानका साङ्कथानिक पक्षहरूसँग जोड्नु आवश्यक छ । विशेष गरी विद्यार्थी तुलनात्मक रूपमा कमजोर देखिएका प्रतिस्थापन र लोप संसक्तिका सूक्ष्म एवम् प्राविधिक पक्षहरूलाई व्यावहारिक लेखन अभ्यासका माध्यमबाट प्रस्ट पारिनुपर्छ । शिक्षण प्रक्रियामा व्याकरणलाई नियम कण्ठ गराउने पद्धतिको सट्टा अनुच्छेद र पाठ निर्माणमा ती नियमको उपयोगिता देखाउने

शैली अपनाउनु उचित हुन्छ । यसका साथै भाषा शिक्षकलाई आधुनिक भाषाविज्ञानका नवप्रवर्तन र साङ्कथानिक विश्लेषणका विधिहरूबारे पुनर्ताजगी तालिम वा कार्यशाला प्रदान गरिनुपर्छ । विद्यार्थीको मूल्याङ्कन गर्दा पनि एक्लाएक्लै वाक्यहरूमा नभई पाठगत सन्दर्भमा व्याकरणिक संसक्तिको प्रयोगलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ । यस्ता एकीकृत प्रयासहरूले विद्यार्थीको प्राज्ञिक लेखनलाई अझ सुसम्बद्ध, तार्किक र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* (छैटौं संस्क.), रत्न पुस्तक भण्डार ।

कोठारी/Kothari, C.R. (2004). *Research Methodology : Methods & Techniques* (2nd ed.). New Age International.

खनाल, गायत्रीप्रसाद (२०७४), *भाँडो कथाको सङ्कथन विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसन्धान पद्धति,* (आठौं संस्क.), सनलाइट पब्लिकेसन ।

खनिया, बुद्धराज (सन् २०२२), सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण, *मर्स्याङ्दी जर्नल, भोलुम ३*(१), पृ. १-१२ । https://doi.org/10.3126/mj.v3i1.47933

गी/Gee, J. P. (1999). *An introduction to discourse analysis: Theory and method*. Routledge.

गौतम, देवीप्रसाद (२०७६), *सङ्कथन विश्लेषण,* रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड) (दोस्रो संस्क.), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्नपुस्तक भण्डार ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण परिचय र पद्धति,* इन्टलेक्चुअल बुक प्यालेस ।

टन्नेन/Tannen, D., Hamilton, H. E., & Schiffrin, D. (Eds.). (2015). *The handbook of discourse analysis* (2nd ed.). John Wiley & Sons.

ढकाल, शान्तिप्रसाद (२०७८/०७९), *प्रायोगिक भाषाविज्ञान,* पिनाकल पब्लिकेसन ।

दाहाल, दुर्गाप्रसाद (२०७६), *स्नातक अनिवार्य नेपाली,* एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

न्यौपाने, भुवन (२०७९), *पाठनिर्माणका युक्ति : संसक्ति र संयुक्ति,* रत्न बृहत् नेपाली समालोचना (भाग ३), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्नपुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७४), *प्रायोगिक भाषाविज्ञान* (पहिलो संस्क.), विद्यार्थी पुस्तक प्रा.लि. ।

पौडेल, माधवप्रसाद र पोखरेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद र पोखरेल, गोकुल (२०८०), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग* (दोस्रो संस्क.), विद्यार्थी प्रकाशन प्रा.लि. ।

बटलर/Butler-Kisber, L. (2010). *Qualitative Inquiry*. SAGE.

भट्टराई, डी.पी., प्रधान, मिरा र ढुङ्गेल, डिल्लीराम (२०७२), *स्नातक अनिवार्य नेपाली* (दोस्रो संस्क.), अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भुसाल, केशव (२०६९), *सङ्कथन विश्लेषण : सम्बद्धक र सम्बद्धन,* सम्प्रेषण वार्षिक पत्रिका, अङ्क ७, ( १६४-१७४), नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भुसाल, केशव (२०७४), *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध) डिनको कार्यालय, शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भुसाल, केशव (२०७८), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* सनलाइट पब्लिकेसन ।

लामिछाने, यादवप्रकाश (२०६८), *प्रायोगिक भाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

ह्यालिडे/Halliday, M. A. K., & Hasan, R. (1976). *Cohesion in English*. Longman.